## मिति २०७६।१०।१५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

**निर्णय नं. १**

मिति २०७६।९।६ देखि २०७६।१०।३ सम्म २ चरणमा सम्पन्न जनतासँग मेयर कार्यक्रमको समीक्षा गर्दा सो कार्यक्रमले नगरपालिका र नागरिकहरु बीचमा अन्तरक्रियात्मक संवाद अभिबृद्धि भई सकारात्मक सन्देश दिएको ठहर गर्दै यस कार्यक्रमलाई आगामी दिनमा अझ परिमार्जन गर्दै लैजाने र यस कार्यक्रमको माध्यमबाट प्राप्त गुनासो तथा सुझावहरुलाई न.पा. अन्तर्गत रहेको विषयगत समितिहरुमा छलफल, सुझाव तथा सिफारिसको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०७६।१०।११ गतेका दिन इलाम नगरपालिका वार्ड नं. ११ को सोयाकमा सम्पन्न भएको निशुल्क स्वास्थ्य शिविरमा ७०० भन्दा बढी व्यक्तिहरुलाई सेवा प्रवाह गरिएको र सो शिविर उपलब्धिपूर्ण रहेको हुनाले यस प्रकारका शिविरहरु आगामी दिनहरुमा समेत व्यवस्थापन गर्ने र यस शिविरलाई सफल पार्न सहयोग गर्नु हुने मुटुरोग विशेषज्ञ डा. दिपक लिम्बु, छालारोग विशेषज्ञ डा. गुरु पौडेल, स्त्रीरोग विशेषज्ञ डा. प्रभु शाह, डेन्टल सर्जन डा. मोना बस्नेत, डा. दिपका रिजाल, डा. प्रकृति पाठक, डा. प्रविणचन्द्र कुशवाह, डा. रइसा श्रेष्ठ, डा. राहुल बिक्रम शाह, डा. कृष्ण घिमिरे, डा. लक्ष्मण खाती लगायत सम्पूर्ण स्वास्थ्यकर्मी, प्राविधिक र कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

इलाम नगरपालिका वार्ड नं. ८ मा स्वास्थ्य चौकी भवन निर्माणका लागि आ.ब. ०७६।०७७ को योजना किताबको सि.नं. ३६७ मा रु २० लाख रकम बजेट विनियोजन गरिएकोमा स्वास्थ्य चौकी भवन निर्माणका लागि वैकल्पिक व्यवस्था भएकोले उल्लिखित योजना संशोधन गरी वडा कार्यालय भवन निर्माण योजनामा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरपालिका वार्ड नं. ७ स्थित भानुपथ पिच सडकदेखि अस्पतालसम्म जाने सडक कालोपत्रे गर्नका लागि रु २८,१५,४७०।६५ को ल.इ. तयार भएको हुनाले नगरपालिकाको २० प्रतिशत र प्रदेश सरकारको ८० प्रतिशत लागत सहभागितामा सो सडक कालोपत्रे योजना सम्पन्न गर्नका लागि १ नं. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इलाम नगर क्षेत्रको शान्ति सुरक्षालाई अझ सुदृढ गर्नका लागि निम्नानुसारको व्यवस्थापन गर्न आवश्यक देखिएको हुँदो सोको लागि जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय इलाममा अनुरोध गर्ने निर्णय गरियो ।

निम्न :

क) इलाम नगरपालिका वार्ड नं. ५ स्थित बिप्ल्याटे प्रहरी बिटलाई स्थायी प्रहरी चौकीमा रुपान्तरण गर्ने ।

ख) इलाम नगरपालिका वाड नं. ९ गोलबस्तीमा रहेको साविक इलाम नगरपालिका वार्ड नं. ३ को वडा भवनको लागि निर्माण गरिएको भवनमा गोलबस्ती प्रहरी बिट स्थापना गर्ने ।

ग) इलाम नगरपालिका वार्ड नं. १ स्थित नेपालटार प्रहरी बिटलाई स्थायी प्रहरी चौकीमा रुपान्तरण गर्ने ।

घ) इलाम नगरपालिका वार्ड नं. १० गोदकमा प्रहरी बिट स्थापना गर्ने ।

**निर्णय नं. ६**

इलाम नगरपालिका वार्ड नं. ९ को वडा कार्यालयको आफ्नै भवन नभएको हुँदा सो वडा कार्यालय सञ्चालनका लागि कृषि ज्ञान केन्द्र तथा साविक भेटनरी अस्पतालको मातहतमा रहेको पुरानो भवन उपलब्ध गराई सहयोग गर्न १ नं. प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

हाल चीन लगायत विश्वका केही देशहरुमा कोरोना भाइरसको संक्रमण फैलिएको र सो नेपालसम्म आइपुग्ने खतरा रहेको हुनाले सोको प्रकोपबाट बच्न बचाउनका लागि तत्सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद व्यवस्थापन शाखाको च.नं. ३२२ मिति २०७६।१०।५ को जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास सम्बन्धी परिपत्र जानकारी भई सो अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिका वार्ड नं. ७ स्थित मासुपसल भवन निर्माणका लागि मिति २०७६।१०।१३ मा निजी साझेदारहरुलाई आव्हान गरी सूचना प्रकाशन भएकोमा सो कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

**मिति २०७६।१०।१५ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय**

**निर्णय नं. ३**

इलाम नगरपालिका वार्ड नं. ८ मा स्वास्थ्य चौकी भवन निर्माणका लागि आ.ब. ०७६।०७७ को योजना किताबको सि.नं. ३६७ मा रु २० लाख रकम बजेट विनियोजन गरिएकोमा स्वास्थ्य चौकी भवन निर्माणका लागि वैकल्पिक व्यवस्था भएकोले उल्लिखित योजना संशोधन गरी वडा कार्यालय भवन निर्माण योजनामा खर्च गर्ने निर्णय गरियो ।